सजिलै पढ्न सकिने जानकारी

सजिलै पढ्न सकिने



# बालबालिकासँग काम गर्ने अनुमति ऐन (Working with Children Act) को पुनरावलोकन

## यस पुस्तकमा के छ?


| | |
|---|---|
| यो पुस्तक कसरी पढ्ने | २ |
| ऐन | ३ |
| बालबालिकासँग काम गर्ने अनुमतिको जाँच | ४ |
| कसलाई डब्लूडब्लूसीसी (WWCC) आवश्यक छ? | ६ |
| यातायात | ८ |
| कसलाई डब्लूडब्लूसीसी (WWCC) आवश्यक छैन? | ९ |
| निरन्तर बसोबास अनुमतिपत्रहरू (continuing residence approvals) | ११ |
| डब्लूडब्लूसीसी (WWCC) को नवीकरण | १३ |
| तालिम | १४ |
| आवेदन दिएको अवस्थामा काम गर्ने बारे | १६ |
| हामीले डब्लूडब्लूसीसी (WWCC) स्वीकृत नगर्न सक्ने कारणहरू | १७ |
| अन्तरिम रोक्का आदेशहरू (Interim bars) | २१ |
| जाँच गर्नु तथा रोजगारदाताहरूलाई सूचित गर्नु | २२ |
| अनुपालन | २४ |
| आवेदन रद्द भएपछि १२ महिना पर्खने | २६ |
| सम्पर्क | २७ |


NSW GOVERNMENT

बाल संरक्षकको कार्यालय

# यो पुस्तक कसरी पढ्ने

**हामीले** यो पुस्तक सजिलै पढ्न सकिने गरी लेखेका छौँ। केही विचारहरू बुझाउन हामीले चित्रहरू प्रयोग गरेका छौँ।



पढ्नका लागि तपाईंले कसैलाई सहयोग माग्न

सक्नुहुन्छ। यस पुस्तकमा केही कठिन शब्दहरू छन्।

पहिलो पटक हामी कठिन शब्द लेख्दैछौं:

**कठिन शब्द नीलो रङ्गमा छ**

- कठिन शब्द नीलो **रङ्गमा** छ
- कठिन शब्दको मतलब के हो भनेर हामी लेख्छौँ।



यस पुस्तकमा, '**हामी**' **को अर्थ बाल संरक्षकको कार्यालय (Office of the Children's Guardian)** हो।

**बाल संरक्षकको कार्यालय (The Office of the Children's Guardian)** एक सरकारी कार्यालय हो।

यस पुस्तकका केही विचारहरूबारे तपाईं के सोच्नुहुन्छ भन्ने कुरा हामी जान्न चाहन्छौँ।

?

त्यसैले, केही पृष्ठहरूमा बैजनी बाकसहरू भित्र प्रश्नहरू

छन्। यदि तपाईं चाहनुहुन्छ भने, तपाईंले यी प्रश्नहरूको

जवाफ दिन सक्नुहुन्छ।

पढ्नका लागि तपाईंले कसैलाई सहयोग माग्न सक्नुहुन्छ।

# ऐन



अष्ट्रेलियामा **बालबालिकालाई** सुरक्षित राख्ने कानूनहरू छन्।

यस पुस्तकमा, **बालबालिकाको अर्थ बालबालिका** तथा किशोर-किशोरी हुन्।



एउटा कानून **बाल संरक्षण (बालबालिकासँग काम गर्ने अनुमति) ऐन २०१२** छ। यस पुस्तकमा, हामी यसलाई **ऐन** भन्छौँ।

यो ऐनमा केही परिवर्तनहरू गर्ने अवसर छ। हामी यसलाई **पुनरावलोकन** भन्छौँ।

यस पुनरावलोकनमा निम्न कुराहरूको बारेमा हाम्रा विचारहरू समावेश छन्:

- यो ऐन कसलाई लागू हुन्छ
- **आवेदनहरू** कसरी व्यवस्थापन गर्ने



**आवेदन** भनेको ती कागजातहरू हुन् जसलाई मानिसहरूले जागिर पाउन वा कुनै काम गर्नको लागि अनुमति पाउन भर्ने गर्छन्।

- नियमहरू तोड्ने मानिसहरूसँग कसरी व्यवहार गर्ने
- **रोजगारदाताहरूले** ऐन अन्तर्गत के गर्नुपर्छ।

यस पुस्तकमा, बालबालिकासँग काम गर्ने मानिसहरूको जिम्मेवारी **रोजगारदाताहरूको** हुन्छ।




# बालबालिकासँग काम गर्ने अनुमतिको जाँच (Working with Children Check)

यो ऐनले बालबालिकासँग काम गर्ने मानिसहरूले **बालबालिकासँग काम गर्ने अनुमतिको जाँच (Working with Children Check) लिनैपर्छ भन्छ**।

**बालबालिकासँग काम गर्ने अनुमतिको जाँच (Working with Children Check)** एक विशेष सरकारी जाँच हो।

यसले मानिसहरूसँग निम्न कुराहरू छन् कि छैनन् भनेर जाँच गर्दछ:

- प्रहरी अभिलेख
- कार्यस्थल अभिलेख।

मानिसहरूलाई बालबालिकासँग काम गर्ने अनुमति दिइएको छ कि छैन भन्ने कुरा यसले भन्छ।

यस पुस्तकमा, हामी **यसलाई डब्लूडब्लूसीसी (WWCC)** भन्छौं।


डब्लूडब्लूसीसी (WWCC) को निम्न उद्देश्यहरू छन्:

- बालबालिकालाई हानि र दुर्व्यवहारबाट जोगाउनु
- जनताका लागि विश्वास निर्माण गर्नु
- **अपराधीहरूलाई** बालबालिकाबाट टाढा राख्नु।



यस पुस्तकमा, **अपराधीहरू** भन्नाले बालबालिकालाई हानि पुऱ्याएका वा दुर्व्यवहार गरेका व्यक्तिहरूलाई जनाइएको छ।

अपराधीहरू त्यस्ता व्यक्तिहरू पनि हुन सक्छन् जसले बालबालिकालाई हानि पुऱ्याउन वा दुर्व्यवहार गर्न सक्छन् भन्ने हामीलाई लाग्छ।




जब डब्लूडब्लूसीसी (WWCC) ले यी कुराहरू गर्छ, यसले बालबालिकालाई खुसी र सुरक्षित राख्न मद्दत पुऱ्याउँछ।

डब्लूडब्लूसीसी (WWCC) ले बाल सुरक्षा योजनामा रहेको कुरालाई समर्थन गर्दछ।

तपाईंले ocg.nsw.gov.au/resources/nsw-child-safe-scheme-easy- मा बाल सुरक्षा योजनाको बारेमा थप पढ्न सक्नुहुन्छ।

# कसलाई डब्लूडब्लूसीसी (WWCC) आवश्यक छ?

हालको अवस्थामा, डब्लूडब्लूसीसी (WWCC) आवश्यक पर्ने व्यक्तिहरू ती वयस्कहरू हुन्, जो:



- बालबालिकासँग आमनेसामने काम गर्छन्
- बालबालिकासँग सम्बन्धित काममा संलग्न छन्
- बालबालिकाको हेरचाह गर्ने मानिससँग बस्छन्
- दिवा हेरचाह रहेको ठाउँमै बस्छन्



- बालबालिकालाई धर्म-सन्तान बनाउन चाहन्छन्
- बालबालिकाको हेरचाहकर्ता बन्न चाहन्छन्
- बालबालिकाको **अभिभावक** बन्न चाहन्छन्।



**अभिभावक भनेको** अदालतको आदेशको कारण बालबालिकाको हेरचाह गर्ने व्यक्तिहरू हुन्।

यस पुनरावलोकनमा, हामी यी व्यक्तिहरूको सूची अझ स्पष्ट बनाउन आवश्यक छ कि छैन भन्ने जान्न चाहन्छौँ।



उदाहरणका लागि, केही मानिसहरू बालबालिकासँग अनलाइन मात्र

काम गर्छन्।

इन्टरनेट कहिलेकाहीँ बालबालिकाको लागि असुरक्षित हुन्छ।

बालबालिकाले अनलाइनमा कुरा गर्दा, कामदारहरूले यसलाई सधैँ सुरक्षित बनाउनुपर्छ।

त्यसैले, हामी सोच्छौँ कि बालबालिकासँग अनलाइन काम गर्ने मानिसहरूसँग डब्लूडब्लूसीसी (WWCC) हुनुपर्छ।

**प्रश्न:** के तपाईंलाई बालबालिकासँग अनलाइन काम गर्ने मानिसहरूसँग डब्लूडब्लूसीसी (WWCC) हुनुपर्छ भन्ने लाग्छ?

# यातायात

डब्लूडब्लूसीसी (WWCC) आवश्यक पर्ने केही व्यक्तिहरू यातायात कर्मचारीहरू हुन् जस्तै:




- विद्यालयका बस चालकहरू
- अशक्तता भएका बालबालिकाका लागि ट्याक्सी चलाउने व्यक्तिहरू
- विद्यालय वरिपरिको बाटो काट्न मद्दत गर्ने सुरक्षाकर्मीहरू।

यस पुनरावलोकनमा, हामीले एक स्थानदेखि अर्को स्थानसम्म पुऱ्याउने **यातायात सेवाहरू** सूचीकृत गर्न सक्छौँ।



**एक स्थानदेखि अर्को स्थानसम्म पुऱ्याउने यातायात सेवाहरू भनेका** ट्याक्सी, भाडाका गाडीहरू (hire cars) र राइड-शेयरहरू (rideshares) हुन्।

अपरिचित व्यक्तिको नियन्त्रणमा रहेको गाडीमा एक्लै हुँदा बालबालिका जोखिममा पर्न सक्छन्।



त्यसैले, यदि चालकसँग डब्लूडब्लूसीसी (WWCC) छ भने हामी यसलाई सुरक्षित बनाउन सक्छौँ।

तर यो योजना डब्लूडब्लूसीसी (WWCC) प्राप्त गर्न नसक्ने कामदारहरूका लागि राम्रो नहुन सक्छ।

विशेष प्रशिक्षण एउटा राम्रो विकल्प हुन सक्छ।



**प्रश्न:** के तपाईंलाई ट्याक्सी वा राइडशेयर चलाउने मानिसहरूसँग डब्लूडब्लूसीसी (WWCC) हुनुपर्छ भन्ने लाग्छ?



# कसलाई डब्लूडब्लूसीसी (WWCC) आवश्यक छैन?

बालबालिका वरिपरि काम गर्ने केही व्यक्तिहरूले डब्लूडब्लूसीसी (WWCC) प्राप्त गर्न आवश्यक नहुन सक्छ।

यी मध्ये केही व्यक्तिहरू निम्न हुन सक्छन्:

- परिवार तथा नातेदारका हेरचाहकर्ताहरू
- १८ वर्षभन्दा कम उमेरका कामदारहरू
- १८ वर्षभन्दा कम उमेरका कामदारहरूका रोजगारदाताहरू तथा सहकर्मीहरू।

न्यू साउथ वेल्सको लागि पूर्ण सूची हाम्रो मुख्य पत्रमा उपलब्ध छ: [ocg.nsw.gov.au/about-us/consultations](ocg.nsw.gov.au/about-us/consultations)

यस पुनरावलोकनमा, यी व्यक्तिहरू मध्ये केहीका लागि डब्लूडब्लूसीसी (WWCC) नियमहरू परिवर्तन गर्ने विचारहरू छन्।



## परिवार तथा नातेदारका हेरचाहकर्ताहरू

बालबालिकाको हेरचाह उनीहरूको आमाबुबा बाहेक अन्य परिवारका सदस्यले गर्दा उनीहरू जोखिममा पर्न सक्छन्। डब्लूडब्लूसीसी (WWCC) उनीहरूको सुरक्षा गर्न सहयोगी हुन सक्छ।

तर डब्लूडब्लूसीसी (WWCC) को आवश्यकता पर्ने हुँदा परिवार वा नातेदारहरूले बालबालिकाको हेरचाह गर्न कठिन हुन सक्छ।

## १८ वर्षभन्दा कम उमेरका कामदारहरूका रोजगारदाताहरू तथा सहकर्मीहरू



बालबालिका अरू कसैसँग काम गर्दा जोखिममा पर्न सक्छन्, विशेष गरी यदि उनीहरू एक्लै छन् भने।

त्यसैले, यदि बालबालिकाका रोजगारदाताहरू तथा सहकर्मीहरूसँग डब्लूडब्लूसीसी (WWCC) छ भने हामी यसलाई सुरक्षित बनाउन सक्छौँ।

तर यो योजना केही कामदारहरूका लागि राम्रो नहुन

सक्छ। केही व्यक्तिहरूले:




- आफ्नो काम गुमाउन सक्छन्
- काम नपाउन सक्छन्

तिनीहरूले बालबालिकासँग नजिकबाट काम नगरे पनि।

**प्रश्न:** के तपाईंलाई लाग्छ कि तल उल्लेखित व्यक्तिहरूले डब्लूडब्लूसीसी (WWCC) लिनुपर्छ?

- परिवार तथा नातेदारका हेरचाहकर्ताहरू
- १८ वर्षभन्दा कम उमेरका कामदारहरू
- १८ वर्षभन्दा कम उमेरका कामदारका रोजगारदाताहरू तथा सहकर्मीहरू

# निरन्तर बसोबास अनुमतिपत्रहरू (continuing residence approvals)

सामान्यतया, **आफ्नो घर भन्दा बाहिरको हेरचाह (out of home care) अन्तर्गत रहेका बालबालिकाको हेरचाह गर्ने** मानिससँग बस्ने वयस्कहरूलाई डब्लूडब्लूसीसी (WWCC) चाहिन्छ।



**आफ्नो घर भन्दा बाहिरको हेरचाह (out of home care)** भन्नाले आफ्नो आमाबुबासँग बस्न नसक्ने बालबालिकालाई राखिने स्थान हो। यो निम्न हुन सक्छ:

- पालनपोषण गर्ने गृह (foster home)
- सामूहिक गृह (group home)।

यो नियम **निरन्तर बसोबास अनुमतिपत्रहरू (continuing residence approvals)** भएका व्यक्तिहरूमा लागू हुँदैन।



**निरन्तर बसोबास अनुमतिहरू लागु हुन्छन्** जब:

- हेरचाहकर्तासँग बस्ने व्यक्ति १८ वर्षको हुन्छ, र
- तिनीहरू आफ्नो हेरचाहकर्तासँग बस्न चाहन्छन् जब उनीहरूको हेरचाहकर्ताले अर्को बच्चाको हेरचाह गरिरहेको हुन्छ।

यी मानिसहरूलाई डब्लूडब्लूसीसी (WWCC) आवश्यक छैन।

तर यी व्यक्तिहरूले अन्यत्र बालबालिकासँग काम गर्न चाहन्छन् भने उनीहरूलाई अझै पनि डब्लूडब्लूसीसी (WWCC) आवश्यक पर्छ।

केही व्यक्तिहरू यो बनाउन चाहन्छन् ताकि अन्य वयस्कहरूले निरन्तर बसोबास अनुमतिपत्रहरू (continuing residence approvals) प्राप्त गर्न सकून्।

अन्य वयस्कहरू निम्न हुन सक्छन्:



- अशक्तता भएका मानिसहरू
- वृद्धवृद्धाहरू
- ती मानिसहरू जो आफ्नो हेरचाहकर्ताको घरबाट बाहिर सरिसकेका छन् तर आफ्नो हेरचाहकर्ताको घर फर्कन चाहन्छन्



- बालबालिकाको रूपमा हेरचाह प्राप्त गरेका र आफ्नो परिवारको घरमा फर्कन चाहने मानिसहरू।

अन्य वयस्कहरूलाई निरन्तर बसोबास अनुमतिपत्रहरू (continuing residence approvals) दिनाले मानिसलाई हेरचाह आवश्यक परेका अवस्थामा हेरचाह पाउन सजिलो बनाउन सक्छ।

**प्रश्न:** के तपाईंलाई लाग्छ तल उल्लेखित व्यक्तिहरूलाई निरन्तर बसोबास अनुमतिपत्र (continuing residence approval) लिन अनुमति दिनुपर्छ?

- १८ वर्षभन्दा बढी उमेरकाका व्यक्तिहरू जो आफ्नो हेरचाहकर्ता वा परिवारसँग फर्केर बस्न चाहन्छन्।
- वृद्धवृद्धाहरू
- अशक्तता भएका मानिसहरू

# डब्लूडब्लूसीसी (WWCC) को नवीकरण

हालको अवस्थामा, डब्लूडब्लूसीसी (WWCC) पाँच वर्षका लागि वैद्य रहन्छ।

यदि कसैले डब्लूडब्लूसीसी (WWCC) नवीकरण गर्न चाहन्छ भने, तिनीहरूले सर्भिस् एनएसडब्लू (Service NSW) मा जानुपर्छ र आफ्नो **पहिचानको प्रमाण देखाउनुपर्छ**।




**पहिचानको प्रमाण** एक औपचारिक कागजात हो जसले तपाईं को हो भन्ने देखाउँछ। यो निम्न हुन सक्छन्:

- राहदानी
- जन्मदर्ताको प्रमाण पत्र
- सवारी चालक अनुमतिपत्र।



कहिलेकाहीँ, मानिसहरूले आफ्नो डब्लूडब्लूसीसी (WWCC) समयमै नवीकरण गर्न सक्दैनन् किनभने उनीहरूले:

- पहिचान पुष्टि गर्ने प्रमाणपत्र हराएका हुन्छन्
- बिरामी भएका वा अस्पतालमा भर्ना भएका हुन्छन्

यस पुनरावलोकनमा, हामी यस ऐनमा यस्तो भाग थप्न सक्छौँ जसले विशेष अवस्थामा ५ वर्षपछि पनि डब्लूडब्लूसीसी (WWCC) को अवधि विस्तार गर्न सकिने व्यवस्था गर्दछ।



**प्रश्न:** के तपाईंलाई हामी डब्लूडब्लूसीसी (WWCC) को अवधि विस्तार गर्न सक्षम हुनुपर्छ भन्ने लाग्छ?

# तालिम

हालको अवस्थामा, मानिसहरूले डब्लूडब्लूसीसी (WWCC) प्राप्त गर्न कुनै तालिम लिन आवश्यक पर्दैन।



भविष्यमा हामी तालिम थप्न सक्छौँ।

तालिम थप्नु अघि, हामीले यो कस्तो देखिन सक्छ भनेर सोच्न आवश्यक छ।

उदाहरणका लागि, तालिम यस प्रकारको हुन सक्छ:

- हामी मानिसहरूलाई डब्लूडब्लूसीसी (WWCC) का लागि कसरी मूल्याङ्कन गर्छौं
- मानिसहरूले आफ्नो डब्लूडब्लूसीसी (WWCC) गुमाउन सक्ने कारणहरू



- बालबालिका माथि हुने दुर्व्यवहार कस्तो देखिन्छ
- वयस्कहरूले गर्ने गलत व्यवहार कसरी पहिचान गर्ने




- वयस्कहरूको बारेमा आफ्ना चिन्ताहरू साझा गर्न बालबालिकालाई कसरी सुरक्षित महसुस गराउने
- बालबालिकाले आफूलाई दुर्व्यवहार भइरहेको कुरा भन्छन् भने कसरी व्यवहार गर्ने ।

तालिम **पहुँचयोग्य** पनि हुनुपर्छ।

**पहुँचयोग्य** भनेको सबैका लागि काम गर्न वा प्रयोग गर्न सजिलो बनाउनु हो।






पहुँचयोग्य तालिम यसरी हुनुपर्छ:

- व्यक्तिगत रूपमा आउन नसक्ने व्यक्तिहरूको लागि अनलाइन
- इन्टरनेट प्रयोग गर्न नसक्ने व्यक्तिहरूको लागि प्रत्यक्ष (in person)
- धेरै भाषाहरूमा वा थोरै मात्र अङ्ग्रेजी बुझ्ने वा अङ्ग्रेजी नै नबुझ्ने व्यक्तिहरूका लागि सजिलै पढ्न सकिने।

**प्रश्न:** के तपाईंलाई डब्लूडब्लूसीसी (WWCC) प्राप्त गर्ने मानिसहरूका लागि हामीले तालिम थप्नुपर्छ भन्ने लाग्छ?

तपाईंको लागि तालिम कसरी पहुँचयोग्य बनाउन सकिन्छ?



# आवेदन दिएको अवस्थामा काम गर्ने

बालबालिकासँग काम गर्ने सबै मानिसहरूसँग डब्लूडब्लूसीसी (WWCC) हुनैपर्छ।



केही अवस्थाहरूमा, यदि एक व्यक्तिले आवेदन दिएको अवस्थामा पनि बालबालिकासँग काम गर्न सक्छ।

यसलाई **आवेदन दिएको अवस्था काम गर्ने** भनिन्छ।

यस पुनरावलोकनमा, हामी यसमा परिवर्तन गर्न सक्छौँ।

यदि हामीले यो परिवर्तन गऱ्यौँ भने, पहिले नै आवेदन **अस्वीकृत** भएका वा उनीहरूको डब्लूडब्लूसीसी (WWCC) **रद्द भएका** मानिसहरूलाई आवेदनमा काम गर्न अनुमति दिइने छैन ।




जब कुनै आवेदन **अस्वीकृत** हुन्छ, यसको अर्थ हामीले कसैलाई डब्लूडब्लूसीसी (WWCC) दिन स्वीकृति दिएका छैनौं।

जब डब्लूडब्लूसीसी (WWCC) **रद्द** गरिन्छ, यसको अर्थ त्यो व्यक्तिले केही गलत काम गरेको छ र हामीले उसको डब्लूडब्लूसीसी (WWCC) फिर्ता लिएका छौँ भन्ने हो।

**प्रश्न:** के तपाईंलाई यो राम्रो परिवर्तन हुनेछ भन्ने लाग्छ?

# हामीले डब्लूडब्लूसीसी (WWCC) स्वीकृत नगर्न सक्ने कारणहरू




हामीले केही जाँचहरू पूरा गरे पश्चात् मात्र डब्लूडब्लूसीसी (WWCC) स्वीकृत गर्न सक्छौँ।

पहिलो जाँच भनेको उक्त व्यक्ति **अयोग्य** छ कि छैन भनेर जाँच गर्नु हो।



**अयोग्य** व्यक्ति भनेको त्यस्तो व्यक्ति हो जसले गम्भीर अपराध गरेको छ, जस्तैः

- हत्या
- जानाजानी हानि पुऱ्याउने
- यौन दुर्व्यवहार।

अयोग्य व्यक्तिले डब्लूडब्लूसीसी (WWCC) प्राप्त गर्न सक्दैन।

हामी अष्ट्रेलियाको अर्को भागमा अयोग्य ठहरिएका व्यक्तिलाई एनएसडब्लू (NSW) मा पनि अयोग्य ठहरिएको सुनिश्चित गर्ने बारेमा सोचिरहेका छौँ।

यदि कुनै व्यक्ति अयोग्य छैन भने, हामीले **जोखिम मूल्याङ्कन** गर्न आवश्यक छ कि छैन भनेर जाँच गर्छौं ।

यदि कुनै व्यक्तिलाई तल उल्लेखित अपराधहरू गरेको अभियोग लगाइएको छ भने, हामीले **जोखिम मूल्याङ्कन** गर्नैपर्छ



- व्यक्ति दोषी ठहर नभए पनि बालबालिका माथि हानि वा यौन दुर्व्यवहार गरेको
- बालबालिकाका यौन तस्बिर वा भिडियोहरू लिएको
- बालबालिकालाई संलग्न गराएर लागूऔषधको अपराध गरेको
- विष वा आगोको प्रयोग समेत गरी जानाजानी हानि पुर्‍याउने कार्य गरेको

हामीले अयोग्य व्यक्तिहरू र जोखिम मूल्याङ्कन सम्बन्धी नियमहरूलाई बारम्बार अद्यावधिक गर्नैपर्छ।

यो किनभने कानूनहरू परिवर्तन हुन सक्छ। हामी वर्तमान समस्याहरूसँग तालमेल राख्न चाहन्छौं।

हामीसँग जोखिम मूल्याङ्कन गर्नुपर्ने थप कारणहरूबारे केही विचारहरू छन्।

कारणहरूमा निम्न अपराधहरू समावेश हुन सक्छन्:

- घाँटी ड्याक्ने वा कसैलाई सास फेर्न नदिने कार्य
- **जबरजस्ती गरिने नियन्त्रण**



**जबरजस्ती गरिने नियन्त्रण** भन्नाले कुनै व्यक्तिले अर्को व्यक्तिलाई नियन्त्रणमा राखेर दुर्व्यवहार गर्नु हो। यो निम्न हुन सक्छन्:

- गम्भीर खालको धम्की वा डर
- पैसाको पहुँच रोक्नु वा सिमित गर्नु
- पारिवार वा साथीहरूसँग सम्पर्क गर्न नदिनु
- प्रियजनहरूलाई, जस्तै बालबालिका वा घरपालुवा जनावरलाई, हानि पुऱ्याउने धम्की दिनु।



- **घरेलु हिंसा पक्राउ आदेश (Apprehended Domestic Violence Order)** लागू भएको।




प्रहरीले आफ्नो परिवारलाई हानि पुऱ्याएको वा दुर्व्यवहार गरेको व्यक्तिलाई **घरेलु हिंसा पक्राउ आदेश (Apprehended Domestic Violence Order)** दिन्छ। हामी यसलाई **एडीभीओ (ADVO)** पनि भन्छौं।

एडीभीओ (ADVO) प्राप्त गरेको व्यक्तिले आफूले हानि पुऱ्याएका व्यक्तिहरूबाट टाढा रहनुपर्छ।


**प्रश्न:** तपाईंको विचारमा कुन–कुन अपराधहरू यस सूचीमा हुनुपर्छ:

- एक अयोग्य व्यक्ति?
- जोखिम मूल्याङ्कन?

के तपाईंको विचारमा एनएसडब्लू (NSW) मा रहेका अपराधहरूको सूची अन्य अष्ट्रेलियाका भागहरूमा रहेका अपराधहरूको सूचीसँग समान हुनुपर्छ?

# अन्तरिम रोक्का आदेशहरू (Interim bars)

हामी डब्लूडब्लूसीसी (WWCC) प्राप्त भएको व्यक्तिलाई **अन्तरिम रोक्का आदेश (interim bar)** जारी गर्न सक्छौँ।



**अन्तरिम रोक्का आदेश (interim bar) ले** कुनै पनि व्यक्तिलाई बालबालिकासँग काम गर्नबाट रोक्छ।

यदि हामीलाई कुनै व्यक्ति बालबालिकाका लागि जोखिम हो भन्ने लागेमा हामीले अन्तरिम रोक्का आदेश (interim bar) जारी गर्न सक्छौँ।



हालको अवस्थामा, अन्तरिम रोक्का आदेश (interim bar) १२ महिना कायम रहन्छ। ती १२ महिना भित्र हामीले जोखिम मूल्याङ्कन गर्नैपर्छ।

१२ महिना पछि, उक्त व्यक्तिले फेरि बालबालिकासँग काम गर्न सक्छ।

कहिलेकाहीँ, हामीले समयमै जोखिम मूल्याङ्कन गर्न सक्दैनौँ यदि:



- हामीसँग सही अभिलेखहरू छैनन् भने उक्त व्यक्तिलाई प्रहरी वा उसको काम गर्ने ठाउँबाट जाँच गरिँदै छ भने
- हाम्रो नियन्त्रण बाहिरका अन्य कारणहरू छन् भने।

यस पुनरावलोकनमा, हामीले आवश्यक परेमा अन्तरिम रोक्का आदेश (interim bar) लाई १२ महिनाभन्दा बढी कायम राख्न सक्ने नियम थप्न सकिन्छ।



**प्रश्न:** के तपाईंलाई लाग्छ कि अन्तरिम रोक्का आदेश (interim bar) लाई अझ लामो बनाउन हामीलाई अनुमति दिइनुपर्छ?

# जाँच गर्नु तथा रोजगारदाताहरूलाई सूचित गर्नु

रोजगारदाताहरूले उनीहरूका कामदारहरूसँग डब्लूडब्लूसीसी (WWCC) छ कि छैन भनेर **जाँच** गर्नैपर्छ।




**जाँच गर्नु** भनेको रोजगारदाताहरूले हामीसँग कामदारको डब्लूडब्लूसीसी (WWCC) अभिलेखहरू जाँच गर्नु भन्ने हो।

त्यसपछि हामी रोजगारदातालाई कामदारसँग आबद्ध गर्नसक्छौँ।

यसको अर्थ, हामीले कुनै कामदारको डब्लूडब्लूसीसी (WWCC) खारेज गरेमा रोजगारदातालाई **सूचित** गर्न सक्छौँ।

**सूचित** गर्नुको अर्थ हामी कसैसँग महत्त्वपूर्ण अभिलेखहरू वा समाचारहरू साझा गर्छौं भन्ने हो।

बालबालिकाहरूलाई सेवाहरू प्रदान गर्ने केही व्यक्तिहरू रोजगारदाताहरू होइनन्:

- स्वरोजगार व्यक्तिहरू, वा एकल व्यापारीहरू
- **रोजगार व्यवस्था गर्ने संस्थाहरू**



**रोजगार व्यवस्था गर्ने संस्थाहरूले** मानिसहरूलाई जागिरहरू मिलाइ दिन्छन्।

- **तेस्रो पक्षहरू**



**तेस्रो पक्षहरूले** जागिरहरू वा कार्यक्रमहरूका लागि कामदारहरू उपलब्ध गर्न अन्य व्यक्तिहरूलाई भाडामा लिन्छन्।

हामीले मानिसहरूले एकल व्यापारीहरू प्रमाणित गर्ने प्रक्रिया सुधार गर्ने तरिका खोज्न आवश्यक छ।

हामीसँग बालबालिकालाई रोजगारदाताहरू जस्तै सेवाहरू प्रदान गर्ने सबै व्यक्तिहरूलाई कसरी सूचित गर्ने भन्नेबारे केही विचारहरू पनि छन्, जस्तै:




- एकल व्यापारीहरूले उनीहरूसँग काम गर्ने बालबालिकाका आमाबाबु वा हेरचाहकर्ताहरूसँग आफ्नो डब्लूडब्लूसीसी (WWCC) अभिलेखहरू साझा गर्नुपर्छ
- हामी रोजगार व्यवस्था गर्ने संस्थाहरू र तेस्रो पक्षहरू रोजगारदाताहरू हुन् भन्छौँ
- कुनै कामदारको डब्लूडब्लूसीसी (WWCC) मा परिवर्तन हुँदा हामी थप समूहहरूलाई सूचित गर्न सक्छौँ।

**प्रश्न:** के तपाईं हाम्रा विचारहरूसँग सहमत हुनुहुन्छ?

# अनुपालन




हालको अवस्थामा, हामीसँग ऐनको **पालना सुनिश्चित गर्ने अधिकारहरू** छन्।

**अनुपालन सुनिश्चित गर्ने अधिकार** भन्नाले हामी रोजगारदाताहरू र कामदारहरूले ऐनका नियमहरू पालना गरिरहेका छन् कि छैनन् भनेर जाँच गर्न सक्छौँ भन्ने हो।




अनुपालन सुनिश्चित गर्ने हाम्रा अधिकारहरूमा निम्न कुराहरू समावेश छन्:

- जानकारी तथा अभिलेखहरू प्राप्त गर्ने
- रोजगारदाताहरू र कामदारहरूको बारेमा प्रश्न सोध्ने
- **सहमतिमा** कार्यस्थलमा प्रवेश गर्ने।

**सहमति** भन्नाले कसैले सहमति जनाउँछ वा 'हुन्छ' भनेको भन्ने अर्थ हुन्छ।

यस पुनरावलोकनमा, हामीसँग अनुपालन सुनिश्चित गर्न थप अधिकारहरूको लागि विचारहरू छन्, जस्तै:



- सहमति बिना पनि कार्यस्थलमा प्रवेश गर्ने
- गलत काम गरेको रोजगारदाताहरू वा कामदारहरूको बारेमा जनतालाई सचेत गर्ने
- **अनिवार्य उपस्थिति**।



**अनिवार्य उपस्थिति** भन्नाले हामी भन्न सक्छौँ कि कसैले उपस्थित भएर निम्न कुराहरू गर्नुपर्छ:

- प्रश्नहरूको उत्तर दिनुपर्छ
- कुनै समस्याबारे अभिलेखहरू उपलब्ध गराउनुपर्छ।

**प्रश्न:** के तपाईंलाई अनुपालन सुनिश्चित गर्न यी अतिरिक्त अधिकारहरू राम्रा विचारहरू हुन् भन्ने लाग्छ?

# आवेदन रद्द भएपछि १२ महिना पर्खने

हामी डब्लूडब्लूसीसी (WWCC) को लागि आवेदन **रद्द** गर्न सक्छौँ।

**रद्द भन्नाले** बन्द गर्नु वा अन्त्य गर्नु भन्ने अर्थ हुन्छ।




उदाहरणका लागि, हामीले आवेदन रद्द गर्न सक्छौँ किनभने कसैले हामीलाई पर्याप्त जानकारी दिएको छैन।

हालको अवस्थामा, मानिसहरूले कुनै पनि समयमा नयाँ आवेदन दिन सक्छन्।

यस पुनरावलोकनमा, हामीले कसैको आवेदन खारेज गरेपछि उनीहरूले १२ महिना पर्खनै पर्ने नियम बनाउन सक्छौँ।

१२ महिना पछि, तिनीहरूले नयाँ आवेदन दिन सक्छन्।



**प्रश्न:** के तपाईंलाई मानिसहरूले नयाँ आवेदन दिन १२ महिना पर्खनुपर्छ भन्ने लाग्छ?

# सम्पर्क

तपाईंले के सोच्नुहुन्छ भनेर हामीलाई भन्न, तपाईंले legreform@ocg.nsw.gov.au मा इमेल गर्न सक्नुहुन्छ।

कृपया आफ्ना विचारहरू २७ फेब्रुअरी २०२६ भन्दा अघि

पठाउनुहोस्। यदि तपाईं थप जान्न चाहनुहुन्छ भने, तपाईंले:

- हाम्रो वेबसाइट ocg.nsw.gov.au/working-children-check मा हेर्नुहोस्
- हामीलाई ०२ ८ २ १ ९ ३ ६ ० ० मा सम्पर्क गर्नुहोस्
- हाम्रो सम्पर्क फारम भर्नुहोस् ocg.nsw.gov.au/contact-us
- ocg@ocg.nsw.gov.au मा इमेल गर्नुहोस्